# १ येशूको मानविय जन्म

*<u>यस अध्यायका मूल पदहरू:</u>* लूका १:२,३, २ तिमोथी ३:१६, लूका १:५-२२, व्यवस्था १८:१५, लूका २:९-१२,२५-३२।

*<u>स्मरण गर्नुपर्ने पद:</u>* "असम्भव भन्ने शब्द परमेश्वरको शब्दकोषमा छैन अर्थात् परमेश्वरको सामु कुनै कुरा पनि असम्भव छैन।" (लूका १:३७ रूपान्तरित)।

पूर्खा अब्राहमको कुलभन्दा बाहिरका गैर-यहूदी, अन्यजाति, म्लेच्छ, विदेशी एवम् अछुत जाति कहलाइएका मानव प्राणीको निम्ति लूकाको सुसमाचार लेखिएको थियो। कलस्सी ४:१०-१४मा दिएको आभास अनुसार लूका आफै यहूदी कुलका थिएनन्। थियोफिलस जसलाई यो पुस्तक सम्बोधन गरेर लेखिएको थियो, उनी पनि गैर-यहूदी नै थिए।

लुका चिकित्सक वा डाक्टरमात्र थिएनन् तर इतिहासविद् पनि थिए। उनले लेख्ने तरिकामा उनले अत्यन्त खोजअनुसुन्धान गरेर सावधानी अपनाएर लेखेको पाइन्छ। सुसमाचारको विषय प्रवेशमा लूकाले येशूको यथार्थ इतिहासको चित्रण गरेको पाइन्छ। तत्कालिन इतिहासकै परिवेशलाई उल्लेख गरेर लूकाले येशूको कथा लेखेका थिए: हेरोद यहूदीयाका राजा थिए (लूका १:५), सम्राट असगस्टस सिजरले रोमी साम्राज्यमा शासन गर्दथे (लूका २:१)। जकरिया नाम गरेका पुजारीले मन्दिरमा आफ्नो पालो अनुसार काम गरिरहेका थिए (लूका १:५,९)। लूका ३ अध्यायमा लूकाले तिनवटा मिति टोकेर बप्तिस्मा दिने यूहन्नाको बारेमा उल्लेख गर्दछन्। येशूको सेवाकार्यको काम उक्त यूहन्नाले नै सुरू गरेका थिए।

त्यसकारण लूकाले येशूको कथालाई कुनै रूखमनि वा कुटीमा ध्यान गरेर कपोलकल्पित, मिथ वा पौराणिक, दन्त्यकथा वा अवास्तविक पुराणको रूपमा प्रस्तुत गरेका थिएनन्। इतिहासमै भूमिका खेलेका वास्तविक मानिसहरूको नाउँहरूलाई उल्लेख गरेर त्यस परिवेशमा येशूले

निभाउनुभएको भूमिकाको लेखाजोखा लूकाले दिएका थिए। उनी चाहन्थे कि देवीदेवताहरूको नाउँमा तत्कालिन रोमी साम्राज्य तथा विश्वमै प्रचलित अनेकन् पुराण वा अवास्तविक तथा दन्त्यकथाहरूको दिर्घामा येशूलाई नराखोस्। परमेश्वरले विश्वको इतिहासलाई हामीहरूको मुक्तिदाता प्रभु येशूलाई पठाएर हस्तक्षेप गर्नुभएको थियो (लूका २:११ रूपान्तरित) भनेर येशू खीष्टको वास्तविकतालाई उतारेर लेखेको हुनाले लूकाका पाठकवर्गहरूले लूकाको सुसमाचार सरसम्मानसाथ अध्ययन गर्न अनुरोध गरिन्छ।

## १. क्रमबद्ध रूपमा लेखिएको येशूको जीवनी (लूका १:१-३, प्रेरित १:१-३)।

प्रेरितको पुस्तक लेख्नुभन्दा पहिले अगाडि नै एक विवरण लेखेर प्रस्तुत गरेको याद थियोफिलसलाई दिलाएको प्रेरित १:१मा लूकाले भन्दछन्। त्यसको अर्थ दुवै प्रतिवेदन अर्थात् येशूको जीवनको कहानी र चेलाहरूको वृतान्त थियोफिलसलाई सम्बोधन गरेर लेखेका थिए भनेर प्रमाणित गर्दछ। दुवै पुस्तकहरूका लेखक एउटै थिए भनेर पनि हामीलाई एकिन गराउँदछ। प्रतिवेदनको रूपमा लेखिएका ती पुस्तकहरूलाई दुई भागमा विभाजित गर्न सकिन्छ। येशूको जीवन र उहाँको सेवाकार्यको काम प्रथम भाग र इसाई चर्चको सुरू र त्यसको इतिहास दोस्रो भाग भनेर हेर्न सकिन्छ। सुरूको चर्चको इतिहासमा येशूका चेला र प्रेरितहरूले येशूको बारेमा फैलाएका सुसमाचारको बारेमा दोस्रो भाग भरिएका छन्।

सुसमाचार कसरी लेखिएको थियो? हेर्नुहोस्ः लूका १:२,३ “हाम्रा माझमा घटेर पूरा भएका घटनाहरूको विवरण संग्रह गर्ने काम धेरै जनाले आफ्नो हातमा लिएका छन्। २ तिनीहरू जो सुरुदेखि नै वचनका प्रत्यक्ष गवाह र सेवकहरू थिए, तिनीहरूले यी कुरा हामीलाई सुम्पिदिए।" २ तिमोथी ३:१६,१७ “सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, १७ ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस्।"

येशूको जीवनमा घटेका विवरणहरू अरू धेरैले लेखिएका थिए भनेर लूकाले महसूस् गर्छन् किनभने येशूले यरुशलेम शहरलाई हल्लाइ दिनुभएको थियो। धेरै प्रत्यक्षदर्शी र वचनका सेवकहरूको बारेमा लूकाले भन्दछन्। त्यसको अर्थ येशूका चेलाहरू र येशूका सहकर्मीहरू थिए भनेर स्पष्ट पार्दछ। ती प्रत्यक्ष्यदर्शी र सेवकहरूसँग (जस्तै पावल र अरू प्रेरितहरू) लूकाको व्यक्तिगत जानपहिचान थियो। मर्कूस र मत्तीले लेखेका सुसमाचारको बारेमा लूकाले सुनेका वा पढेका पनि हुन सक्छ। लूका आफैचाहीँ येशूको जीवनको प्रत्यक्षदर्शी थिएनन् तर उनी येशूका पक्का विश्वासी थिए।

मत्तीले यहूदी पाठकहरूलाई केन्द्रित गरेर लेखेका थिए। येशू महान् गुरू, पुरानो करारमा येशूको बारेमा लेखिएका भविष्यवाणीहरू उहाँले कसरी पूरा गर्नुभयो भनेर ठोकुवा गर्दै येशू यहूदीहरूका राजा भनेर मत्तीले चित्रण गरेका थिए। ख्रीष्टको बारेमा भन्नुपर्दा मत्तीले प्रायजसो पूरानो करारलाई औंल्याउँदै त्यहाँ लेखिएका भविष्यवाणीहरू येशूमा कसरी  पूरा भएका थिए भनेर जिकिर गरेका थिए। दया करूणा भनेको प्रवचन छाँट्ने नभएर मानिसहरूकै बीचमा रहेर सक्रिए भएर तिनीहरूको सेवा गर्ने येशूलाई मर्कूसले रोमी पाठकहरूलाई लेखेका थिए। लूका आफै यहूदी जातिभन्दा बाहिरका थिए र चिकित्सक थिए। येशू संसारको मुक्तिदाता हुनुहुन्छ भनेर लूकाले ग्रीक तथा गैर-यहूदी पाठकहरूलाई लेखेका थिए। दुई मुल कारणहरूले गर्दा लूकाले सुसमाचारको पुस्तक लेखेका थिए भनेर बताउँछन्: (१) क्रमवद्धरूपमा लेखि प्रतिवेदन बुझाउन (लूका १:३ रूपान्तरित) र (२) प्रारम्भिक नयाँ इसाई युगमा चलेका महान् शिक्षादीक्षाहरूको यथार्थतमाको समर्थन गर्न। येशूको वास्तविकतालाई प्रस्तुत गर्ने लूकाको एक मूल लक्ष्य थियो भनेर लूकाको सुसमाचारले स्पष्ट पार्दछ।

पवित्र आत्माले अगुवाइ गरेका बाइबलको एक लेखक लूकाले आफ्नो विवरण लेख्न अरू सामग्रीहरू प्रयोग गरेका थिए। यो अत्यन्त घतलाग्दो र सान्दर्भिक छ। अरू लेखकहरूले लेखेका सामग्रीहरूलाई बटुलेर लूकाले येशू र चेलाहरूको कहानी लेखेका थिए भन्दैमा उनी

पवित्र आत्माले प्रेरित भएका थिएनन् भन्न मिल्दैन। लेखकहरूको दिमाग र हृदयमा परमेश्वरको आत्माले कसरी काम गर्दो रहेछ भनेर त्यसले कसरी बताउँदछ?

## २ "उनलाई यूहन्ना भनेर नामाङ्करण गर्नु" (लूका १:५-२२)

**पुरानो करारका अन्तिम पुस्तकका लेखक अगमवक्ता मलाकी थिए। उनी पछि इस्राएलको इतिहासमा करिब चारसय वर्षसम्म परमेश्वर मौन हुनुभएको थियो। बप्तिस्मा दिने यूहन्ना र येशूको जन्मको घोषणा पछि परमेश्वरको मौनता तोडिन लागेको थियो।**

**यूहन्ना र येशूको जन्मको कथा झण्डै उस्तै उस्तै खालका थिए। दुवैको जन्म आश्चर्य रीतिले भएको थियो। यूहन्नाको जन्मको मामिलामा उनको आमा इलिजाबेथको उमेर धेरै ढल्केको थियो। उनको उमेरले गर्दा उनी गर्भवती हुन सम्भव थिएन। फेरि येशूको मामिलामा उहाँको आमा मरियम कन्या केटी नै थिइन्। परमेश्वरको विशेष स्वर्गदूत गब्रिएलले आएर दुवैको जन्मको घोषणा गरेका थिए। दुवैको जन्मको घोषणा अचम्म, आनन्द र परमेश्वरको इच्छामा समर्पित भएर ग्रहण गरेका थिए। दुवै बालकहरू परमेश्वरको आत्मा तथा जोशमा हट्ठाकट्ठा भएर हुर्कन अपेक्षा गरिएको थियो (लूका १:८०, लूका २:४०)।**

**तर अचम्म तरिकाले जन्म भएका ती बालकहरूको लक्ष्य र सेवाकार्य भिन्नाभिन्नै थिए। येशूको निम्ति ढोका खुला गरिदिने काम यूहन्नाको थियो (लूका १:१३-१७)। येशू परमेश्वरको पुत्र हुनुहुन्छ (पद ३५)। मसीह अर्थात् अभिषेक गरिएको व्यक्तिको बारेमा गरेका भविष्यवाणीहरू येशूले पूरा गर्न आउनुभएको थियो (पद ३१-३३)।**

यूहन्नाको हुनेवाला बुबा जकरिया दोषरहित वा निष्कलङ्कित थिए। तर परमेश्वरमाथि सतप्रतिशत विश्वासको कमीले गर्दा उनले स्वर्गदूतको हप्काइ खानुपर्‍यो। येशूको विश्वासी भएर निष्कलङ्क हुनुको अर्थ के हो भनेर उक्त कथाले हामीलाई कसरी सिकाउँछ? हेर्नुहोस् लूका १:५-२२ "यहूदियाका राजा, हेरोदको पालोमा, अबियाका दलका जकरिया नाउँ भएका एक जना पूजाहारी थिए। तिनकी पत्नी हारून-वंशकी थिइन्। तिनको नाउँ एलीशिबा थियो। ६ ती दुवै परमेश्वरको

सामुन्ने धर्मी थिए, र परमप्रभुका सबै आज्ञा र धार्मिक-विधानहरूमा
निर्दोष भई हिंड्थे। ७ तर तिनीहरूको कोही सन्तान थिएन, किनभने
एलीशिबा बाँझी थिइन्, र ती दुवैको उमेर ढल्किसकेको थियो। ८ जब
जकरिया परमेश्वरको सामुन्ने आफ्ना दलको पालोमा पूजाहारी काम
गरिरहेका थिए, ९ तब पूजाहारीका सेवाको रीतअनुसार चिट्ठा हाल्दा
परमप्रभुको मन्दिरभित्र पसेर धूप बाल्ने काम जकरियालाई पर्‍यो। १०
धूप बाल्ने बेलामा मानिसहरूको सारा भीड बाहिर प्रार्थना गरिरहेका
थिए। ११ परमप्रभुका एक जना स्वर्गदूत धूप-वेदीको दाहिनेपट्टि
उभिरहेका देखा परे। १२ जकरिया तिनलाई देखेर आत्तिए, र भयभीत
भए। १३ तर दूतले तिनलाई भने, “नडराऊ जकरिया, किनभने तिम्रो
प्रार्थनाको सुनाइ भएको छ। अब तिम्री पत्नी एलीशिबाले तिम्रो निम्ति
एउटा छोरो जन्माउनेछिन्, र तिमीले तिनको नाउँ यूहन्ना राख्नू। १४
तिमीलाई रमाहट र आनन्द हुनेछ, र धेरै जना तिनको जन्ममा
रमाउनेछन्। १५ किनभने तिनी परमप्रभुको सामुन्ने महान् हुनेछन्।
तिनले दाखमद्य र अरू कुनै पनि मद्य कहिल्यै पिउनेछैनन्, र आफ्नी
आमाको गर्भदेखि नै तिनी पवित्र आत्माले भरिपूर्ण हुनेछन्। १६ तिनले
इस्राएलका सन्तानहरूमा धेरैलाई तिनीहरूका परमप्रभु परमेश्वरतिर
फर्काउनेछन्। १७ बाबुहरूका मन छोरा-छोरीहरूतिर र
अनाज्ञाकारीहरूलाई धर्मीहरूको बुद्धितिर फर्काउन र प्रभुको निम्ति योग्य
तुल्याइएको एक जाति तयार पार्न उहाँको अगि तिनी एलियाको आत्मा
र शक्तिमा जानेछन्।” १८ तब जकरियाले दूतलाई भने, “यो मैले
कसरी जान्ने? म बूढ़ो भएँ र मेरी पत्नीको उमेर पनि ढल्किसकेको
छ।” १९ स्वर्गदूतले तिनलाई भने, “म गब्रिएल हुँ, म परमेश्वरको
सामुन्ने उभिरहन्छु। तिमीसँग कुरा गर्न र यो खुशीको समाचार सुनाउन
म पठाइएको हुँ। २० जुन दिनसम्म यी कुरा पूरा हुँदैनन्, तबसम्म
तिमी गूँगो हुनेछौ र बोल्न सक्नेछैनौ, किनभने तिमीले मेरा वचनमाथि
विश्वास गरेनौ, जुन वचन आफ्नो समयमा पूरा हुनेछन्।” २१
मानिसहरू जकरियालाई पर्खिरहेका थिए र मन्दिरमा ढिलो गर्दा चकित
भए। २२ तिनी बाहिर निस्केर आउँदा उनीहरूसँग बोल्नै सकेनन् र

तिनले मन्दिरमा दर्शन देखेछन् भन्ने उनीहरूले बुझे। तिनले उनीहरूलाई इशारा गर्न लागे, अनि तिनी लाटा भइरहे।"

**"अब्राहमको बालक र मरियमको बालकको जन्म जस्तै जकरियाको पुत्रको जन्मबाट हामीलाई महान् आत्मिक सत्य ज्ञान सिकाइनुपर्थ्यो। यो सत्य हामीले ढिलो सिक्छौं र छिट्टै बिर्सन्छौं। हामी आफैले कुनै असल काम गर्न सक्दैनौं। यदि प्रत्येक बिश्वासीले आफूलाई परमेश्वरमा समर्पण गरियो भने हामीले गर्न नसक्ने काम उहाँले हामीलाई शक्ति आफ्नो शक्ति प्रदान गरेर सम्पन्न गराउनुहुन्छ। विश्वासद्वारा नै प्रतिज्ञा गरिएको उपरोक्त बालक (बप्तिस्मा दिने यूहन्ना) दिइएको थियो। त्यसरी नै विश्वाद्वारा नै आत्मिक जीवनको जन्म हुन्छ। जब हामी आत्मिक रूपमा जन्मन्छौ तब उहाँले हामीलाई धार्मिकताको (सबैको भलाइ गर्ने, सबैलाई माया गर्ने र सत्यवादी हुने) काम सम्पन्न गर्न सुसज्जित गराउनुहुन्छ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. ९८बाट रुपान्तरित।**

परमेश्वरले आफ्ना जनहरूसँग कतिको चासो राख्नुहुन्छ भनेर प्रत्यक्ष रूपमा देखाउन बप्तिस्मा दिने यूहन्नाको जन्म भएको थियो। उनको अचम्म तरिकाको जन्मले मानव जातिको मामिलामा उहाँ चुप लागेर नबस्ने यथार्थ लक्ष्यलाई प्रस्तुत गरेको थियो। इस्राएलीहरूकै क्रियाकलापले चारसय वर्षसम्म तिनीहरूको जीवनचर्यामा हस्तक्षेप नगर्ने परमेश्वरको निधो थियो। तर उहाँद्वारा नै यूहन्नाको जन्म गराएर उनीबाट बिशेष सन्देश महान् शक्तिद्वारा घोषणा गराउँदै परमेश्वरले मौन (चुपचाप) रहेको इतिहासमा हस्तक्षेप गर्नुभएको थियो। यूहन्ना विशेष सन्देश र लक्ष्य भनेको जनहरूलाई प्रभुलाई भेट्न तयार गराउनु थियो (लूका १:१७ रूपान्तरित)। उनको नेतृत्वमा जन लहरलाई मसीहतिर केन्द्रित गराउनु थियो। प्रभु येशूको लक्ष्य पूरा गराउने बाटो उहाँले नै तयार गर्नुपरेको थियो।

## ३. "उनको नाउँ येशू राख्नु" (मत्ती १:२१-२३)

**येशू ख्रीष्टको जन्मको घटना कुनै मामुली घटना थिएन।** परमेश्वरको अनन्तको पात्रोमा त्यो रातो अक्षरले कोरेर लेखिएको

थियो। “जब समय पूरा भयो परमेश्वरले उहाँले आफ्नो पुत्रलाई एक नारीबाट जन्माउन पठाउनुभयो।"(गलाती ४:४)। त्यो कुन् समय पूरा भएको थियो त भन्दा जब अदनको बँगैचामा पापले हस्तक्षेप गऱ्यो तब त्यसबेला परमेश्वरले उद्धारकर्ता पठाउने प्रथम् प्रतिज्ञा मानव जातिलाई दिनुभएको थियो (उत्पत्ति ३:१५)।

देहायका केही पदहरूलाई जोडी मिलाएर पढ्नुहोस्। येशूको जन्मको भविष्यवाणीहरू अचम्म तरिकाले पूरा भएको ती पदहरूले देखाउँदछन्। परमेश्वरले गर्नुभएको बाचामा हामी ढुक्क हुनुपर्छ भनेर ती पदहरूले हामीलाई कसरी सिकाउँदछन्? हेर्नुहोस्ः व्यवस्था ११:१५सँग प्रेरित ३:२२-२४ “परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूका आफ्नै दाजुभाइमध्यबाट मजस्तै एक जना अगमवक्ता तिमीहरूका निम्ति खड़ा गर्नुहुनेछ। तिमीहरूले तिनको कुरा सुन्नू।" "मोशाले भनेका थिए, ‘परमप्रभु परमेश्वरले मलाई खड़ा गर्नुभएजस्तै तिमीहरूका दाजुभाइहरूका माझबाट एक जना अगमवक्ता तिमीहरूका निम्ति खड़ा गर्नुहुनेछ। उहाँले तिमीहरूलाई जे-जे भन्नुहुनेछ ती सबै कुरा तिमीहरूले सुन्नुपर्छ। २३ यसो हुनेछ, कि त्यस अगमवक्तालाई नसुन्ने जति हरेक प्राणी मानिसहरूका बीचबाट नष्ट हुनेछ।’ २४ “शमूएलदेखि लिएर त्यसपछिका सबै अगमवक्ताहरू जत्तिले बोलेका छन्, ती सबले यिनै दिनहरूको घोषणा गरेका छन्।"

यशैया ७:१४सँग मत्ती १:२१-२३ “१४ यसैकारण परमप्रभु आफैले तिमीहरूलाई एउटा चिन्ह दिनुहुनेछ। हेर, कन्या गर्भवती हुनेछ, र त्यसले एउटा छोरा जन्माउनेछ र उनको नाउँ इम्मानुएल* राखिनेछ।" "२१ तिनले एउटा पुत्र जन्माउनेछिन्, र तिमीले उहाँको नाउँ येशू राख्नेछौ, किनभने उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट बचाउनुहुनेछ।” २२ अगमवक्ताद्वारा परमप्रभुले बोल्नुभएको वचन पूरा हुनलाई नै यी सबै भएका हुन्ः २३ “हेर, एउटा कन्याले गर्भधारण गर्नेछिन्, र त्यसले एउटा पुत्र जन्माउनेछिन्, र उहाँको नाउँ इम्मानुएल राखिनेछ,” जसको अर्थ हो, “परमेश्वर हामीहरूसँग।”

मीका ५:२सँग लूका २:४-७ "तर ए बेथलेहेम एप्राता, तिमी यहूदाका कुलहरूमध्य सानो भए तापनि तिमीबाट मेरो निम्ति एक जना निस्कनुहुनेछ, जो इस्राएलका शासक हुनुहुनेछ, जसको सुरु पुरानो समयदेखि, अर्थात् प्राचीनकालदेखि नै छ।", "४ योसेफ पनि गालीलको नासरतबाट यहूदियाको बेथलेहेम भन्ने दाऊदको सहरमा गए, किनभने तिनी दाऊदका कुटुम्ब र वंशका थिए। ५ नाउँ दर्ता गराउन तिनी आफूसँग मगनी भएकी मरियमलाई साथमा लिएर गए। मरियम गर्भवती थिइन्। ६ तिनीहरू त्यहाँ भएकै बेला मरियमको बालक जन्माउने बेला आयो। ७ तिनले आफ्नो जेठो छोरो जन्माइन् र उहाँलाई लुगाले बेह्रेर डूँड़मा राखिन्, किनकि तिनीहरूका निम्ति पौवामा ठाउँ थिएन।"

जकरियालाई स्वर्गदूत गाब्रिएलले यूहन्नाको जन्मको बारेमा छ महिनाअघि अग्रिम सूचना दिइसकेको रहेछ। पछि नाजरथकी मरियमकहाँ उनी आएर अझ अचम्मको सूचना उनलाई दिए "तिमी कन्या भएतापनि तिमीबाट एक पुत्रको जन्म हुनेछ र तिमीले उनको नाउँ येशू राख्नु।"(लूका १:३१)।

एक जना कुमारीको कोखबाट येशूको जन्म हुनु भनेको सम्पूर्ण मानव स्वभाव वा प्रकृति एवं वैज्ञानिक दायरा भन्दा बाहिरको कुरा थियो। यो अप्राकृतिक जन्मलाई कसैले पनि व्याख्या गर्न सक्दैन। मरियम आफै चकित भएर स्वर्गदूतलाई सोधेकी थिइन् "होइन, यो कसरी हुनसक्छ र? मैले बिहे नै गरेको छैन? मैले कुनै पुरुषसँग सम्बन्ध नै राखेको छैन? (पद ३४ रूपान्तरित)। तर स्वर्गदूतले स्पष्ट रूपमा भनेका थिए कि उनको कोखमा येशूको जन्म हुनु भनेको पवित्र आत्माको काम हो। (पद ३५)। "परमेश्वरको सामु कुनै कुरो पनि असम्भव छैन।" भनेर पनि स्वर्गदूतले मरियमलाई सम्झाएका थिए (पद ३७)। स्वर्गदूतको वचनमा विश्वास गरेर आफूलाई परमेश्वरको चाहनामा तुरन्त समर्पण गर्नु आफै पनि अचम्मको थियोः "तपाईंको वचन अनुसार होस्।" (पद ३८ रूपान्तरित)। प्रत्येक मानविय प्रश्न चाहे त्यो स्वाभाविक होस् वा अस्वाभाविक होस्, चाहे तार्किक होस् वा असान्दर्भिक होस् त्यसको जवाफ परमेश्वरमा नै निहित राख्नुपर्छ अर्थात्

हामीहरूको मनमा उब्जेका प्रश्न वा जिज्ञासाहरूलाई मानिसले जवाफ दिन सक्छ भन्ने छैन त्यसकारण त्यसको जवाफ परमेश्वरमा नै छोड्नुपर्छ। बाइबल पढ्दा वा प्रवचन सुन्दा हामीहरूको दिमागमा अनगिन्ति जिज्ञासा वा प्रश्नहरू स्वभाविकै रूपमा आउन सक्छ किनभने हामी दिमाग भएका सोच्ने मानिस हौं पशु होइनौं। ती प्रश्नहरूमा सृष्टि वा क्रुसको बारेमा हुनसक्छ, येशूको अलौकिक मानविय अवतार वा पुनरुत्थानको बारेमा  हुनसक्छ, स्वर्गबाट मन्ना कसरी खसियो वा पेन्टिकोस्टको समयमा पवित्र आत्मा येशूका भक्तहरूको शिरमा कसरी परियो आदि। तर मानविय र वैज्ञानिक तर्कले जवाफ दिन नसेकका ती परमेश्वरका ती अलौकिक कामहरूलाई पत्यार गर्न उहाँप्रति हामीहरू पूर्ण समर्पित हुनु र उहाँका चाललाई स्वीकार गर्नु आवश्यक छ।

मरियमले आफ्नो प्रश्नको जवाफ आफैले दिइन् जब उनी परमेश्वरको सार्वभोमिकतामा आफूलाई सुम्पिइन्। तर गाब्रियलले उनको जिज्ञासालाई प्रेरित गर्न अर्को महान् उत्तर दिएर "पवित्र आत्मा तिमीमा आउनेछ। अत्यन्त महान् परमेश्वरको शक्तिले तिमीलाई ढाकिने छ। त्यसकारण तिम्रो कोखबाट जन्मिने पवित्र बालकलाई परमेश्वरको पुत्र कहलाइनेछ।" (पद ३५ रूपान्तरित)।

कतिपय सांसारिक बुद्धिजिवी भनाउँदा व संस्कृतिविद्हरूले मानिसको दिमागलाई यस्तरि धोइदिएका छन् कि जे कुरा पनि प्रकृति वा विज्ञानले जवाफ दिन सक्नुपर्छ भनेर उक्साउँछन्। तर परमेश्वरको सत्य अलौकिक वा अचम्मका कामहरूलाई ती संकुचित र मानविय परिधिले किन व्याख्या गर्न सक्दैन वा उहाँका ती अचम्मका कामहरूलाई काल्पनिक भनेर कतिले किन पन्छाउन चाहन्छन्?

## ४. बेथलहेमको गोठमा (लूका २:७)

इतिहासको बारेमा टिप्पणी गरेर लूकाले बेथलहेममा येशूको जन्मको कथा सुरू गर्छन्। आफ्ना पूर्खौली गाउँ बेथलेहेममा जान यूशुफ र मरियम नाजरथ छोडेर लामो यात्रामा जान्छन्। रोमको सम्राट् सिजर अगस्टसलाई आफ्ना पुर्खोली गाउँमा नै गएर तिनीहरूको कर तिर्न आवश्यक भएकोले गर्भवती मरियमसाथ युशूफले सो यात्रा

गर्नुगर्नुपरेको थियो। त्यसबेला रोमले नियुक्त गरेका क्वीरिनियस सिरियाको बडा हाकिम थिए। यसरी ऐतिहासिक मामिलालाई औँल्याउँदै लूकाले आफ्नो प्रतिवेदन प्रस्तुत गर्दा उनलाई पवित्र आत्माको अगुवाइ भएको तथ्य बाइबलका छात्रहरूले सराहना गर्नैपर्छ। यो प्रक्रियाले येशूको मानव अवतारी जन्म र उहाँका क्रियाकलापहरू क्रमवद्धमा इतिहासकै दायराभित्र रहेर लेखिएको प्रमाणित गर्दछ।

येशू अत्यन्त गरिब घरानमा जन्मेका थिए भनेर लूका २:७ले दिएको शब्दचित्रले खुलासा गर्दछ। जब युशूफ र मरियम बेथलेहेममा पुगे त तिनीहरूको आफन्त त्यहाँ कोही थिएन न त तिनीहरूलाई बास बस्न कुनै आश्रय स्थान वा होटेलमा रात काट्न सकेका थिए। तर तिनीहरू बस्तुहरूको गोठमा रात बिताउन पुग्दा त्यहाँ येशूको जन्मभयो। त्यो बालकलाई थाङ्नाले बेरेका थिए। हाम्रो निम्ति येशू कस्तो गरिब अवस्थामा झुक्नुभयो भनेर पावलले फिलिप्पी २:५-८ दिएको बयानले पनि देखाउँदछ। उक्त पदहरू पढेर हामीहरूको आत्मिक र मानसिक स्वभावलाई कसरी प्रभाव पार्न दिनुपर्छ भनेर जिकिर गर्ने? हेर्नुहोस्: "५ तिमीहरूमा यस्तो मन होस्, जो ख्रीष्ट येशूमा पनि थियो। ६ परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन। ७ तर आफैलाई रित्त्याईकन कमाराको रूप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो। ८ स्वरूपमा मानिसजस्तै भएर आफैलाई होच्याउनुभयो, र मृत्युसम्मै, अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो। ९ त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ, १० कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएको हरेक प्राणीले येशूको नाउँमा घुँड़ा टेक्नुपर्छ, ११ र हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ।"

जब सारा जगतका मालिक यस संसारमा मानिसको अवतार लिएर आउनुभयो तब उहाँको आर्थिक अवस्था कस्तो कमजोर थियो भनेर लूकाले खुलाएर लेख्छन्। उहाँको जन्म हुँदा उहाँलाई भेट्न

आउनेहरूमा गरिब गोठालाहरू थिए भनेर लूकाले येशूको जन्मको बारेमा लेखेको विवरणलाई निरन्तरता दिँदछन्। उहाँको जन्मको अति महान् आनन्दको शुभसमाचार धनी तथा अख्तियारवालाहरूलाई होइन, कुनै शासकहरूलाई न त कुनै शास्त्री वा पण्डित तथा विद्वानहरूलाई दिएको थियो तर गरिब, होचिएका श्रमजिवि गोठालाहरूलाई दिएको थियो (लूका २:१० रूपान्तरित)। येशूको जन्मको समाचार मामुली देखिएतापनि त्यो कस्तो गौरवमय र महिमित थियो, सो सोच्नुहोस्ः दाउदको शहरमा तिमीहरूको निम्ति उद्धारकर्ताको जन्म भएको छ। उहाँ अभिषेक गरिएको प्रभु ख्रीष्ट हुनुहुन्छ। उहाँलाई थाङ्नाले बेरिएको पाउनेछौ।" स्वर्गको अत्यन्त बहुमूल्य उपहार कस्तो मामुली पोकोमा आएको थियो!तर त्यस उपहारले "परमेश्वरको महिमा गर्दछ, यस संसारमा शान्ति ल्याउनेछ र सबै मानिसको हित गर्नेछ।" (लूका २:१४ रूपान्तरित)।

स्वर्गदूतलाई (लूका २:९-१२) उल्लेख गरेर लूकाले लेखेका विवरणले इसाई सोचमा तीनवटा महत्त्वपूर्ण बिचारलाई प्रस्तुत गर्दछ। प्रथमतः सुसमाचारको सन्देश सबै मानिसहरूको निम्ति हो। यहूदी वा विशेष जाति कहालिएका मानिसहरू र अरू पराया जातिहरू वा गैर-यहूदी अर्थात् जनजाति, आदिवासी, निच जाति, विदेशी, पानी नचल्ने, म्लेच्छ, काला गोरा जाति आदि मानिस मानिसको बीचमा पर्खाल बनाएर छुट्याउने रङ्ग भेद, जात भेद र लिङ्गभेदहरूलाई तोड्दै परमेश्वरमा एकताको सुत्रमा बाँध्न येशू आउनुभएको थियो। "सबै मानिसहरू" भनेर स्वर्गदूतले सम्बोधन गर्दा उक्त कुराको पुष्टि गर्दछ। दोस्रोमा येशू उद्धारकर्ता तथा मुक्तिदाता हुनुहुन्छ। सृष्टिकर्ताको हैशियतले यस संसारमा मानविय रूप लिएर मानव जीवनको अनुभव गरेर हामीहरूको उद्धारकर्ता हुनुभएको उहाँबाहेक अरू कोही पनि छैन। तेस्रोमा उहाँ सारा सृष्टिका मालिक र प्रभु हुनुहुन्छ। लूकाले आफ्नो पुस्तकको भूमिकामा ती  तिन विषयवस्तुहरू स्पष्टसँग कोरेका छन्। पछि गएर प्रेरित विशेष गरेर पावलको निम्ति ती विषयवस्तुहरू तिनीहरूको प्रचारको आधार बन्न पुगेको थियो।

हामी येशूभक्त वा इसाई भनेर दावी गर्नेहरूले के कुरालाई विश्वास गरेको आधारमा सो दावी गर्छौं, सोच्नुहोस्। शैतानको पासोमा रहेको यस पापी संसारमा सारा सृष्टिका मालिक तथा स्रस्ता (यूहन्ना १:१-३) मानवको रूप लिएर आउनुभयो। उहाँ, गरिब, निर्धन, श्रमजिवि र कडा दुःखदायी जीवन बिताउनुभयो। सांसारिक मान पदवी, सम्मान आदि नपाइकन क्रुसको निर्दयी र क्रुर मृत्युलाई भोग्नु भयो। यदि येशूको बारेमा उक्त जानकारीलाई हामीहरूले हृदयदेखि नै आत्मसात् गर्न सक्षम् भयौं भने हामीहरूको जीवनको प्रत्येक पक्षलाई त्यस उदेकको आत्मज्ञानमा समर्पित हुँदै जिउन प्रतिवद्ध हुनुपर्छ। तपाईंको दैनिक जीवनमा कुन पक्षले तपाईंले येशूलाई प्रतिविम्ब गरिरहनुभएको छ र कुन् पक्षले वा जीवनशैलीले येशूलाई झल्काइरहनुभएको छैन? आत्मआलोचना गरेर सोच्नुहोस्।

## ५. आउनुहुने उद्धारकर्ताको बारेमा साक्षी दिनेहरू (लूका २:२५-३२)

लूकाले आफ्नो सुसमाचारको पुस्तक विशेष गरेर गैर-यहूदीहरूको निम्ति लेखेका थिए। तर पुरानो करारमा भएको यहूदी इतिहासको महत्त्वलाई पनि उनी स्वीकारेका छन्। त्यसले गर्दा लूकाले येशूको बारेमा लेखिएको नयाँ करारको कथासँग पुरानो करार अत्यन्त सावधानीपूर्वक जोडेका थिए। यहूदी संस्कार वा विधि अनुसार बालक येशूलाई जन्मेको आठौं दिनमा मन्दिरैभित्र लगेर खतना गरेको विवरण लूकाले प्रस्तुत गरेका थिए (लूका २:२२-२४)।

उक्त खतनाको समयमा एक जना परमेश्वरको उपासक र अगमवक्ता सिमियोनले बालक येशूलाई हातमा लिएर मुक्तिको बारेमा तीनवटा कुराहरूलाई औंल्याउँदै परमेश्वरको प्रशंसा गरेका थिए। ती थिएः (१) येशूद्वारा पाउने मुक्ति (२) मुक्तिको योजना परमेश्वरले नै तयार गर्नुभएको थियो (३) मुक्ति कुनै विशेष जाति अर्थात् यहूदीहरूको निम्तिमात्र नभएर विश्वका सारा मानव प्राणीको निम्ति उपलव्ध गराइएको छ। सिमियोनको उक्त घोषणा लूका २:२५-३२मा यसरी उल्लेख गरेका छन्: “यरूशलेममा शिमियोन नाउँ भएका एक जना मानिस थिए। उनी इस्राएलका सान्त्वनाको आशा गर्ने धर्मी र भक्तजन

थिए, र पवित्र आत्मा उनीमाथि हुनुहुन्थ्यो। २६ "परमप्रभुका ख्रीष्टलाई नदेखेसम्म तिमी मर्नेछैनौ" भन्ने प्रकाश उनले पवित्र आत्माबाट पाएका थिए। २७ उनी पवित्र आत्माको प्रेरणामा मन्दिरभित्र आए। जब आमा-बुबाले बालक येशूलाई उहाँको निम्ति व्यवस्थाअनुसारको विधि गर्नलाई मन्दिरभित्र ल्याए, २८ तब उनले उहाँलाई आफ्नो काखमा लिए, र परमेश्वरलाई धन्यवाद दिएर भने, २९ "अब हे परमप्रभु, आफ्नो वचनअनुसार तपाईंले आफ्नो दासलाई शान्तिसँग बिदा दिनुहोस्। ३० किनकि मेरा आँखाले तपाईंको उद्धार देखेका छन्, ३१ जो तपाईंले सबै मानिसहरूका सामुन्ने तयार पार्नुभएको छ, ३२ अन्यजातिहरूलाई प्रकाशको निम्ति ज्योति र तपाईंको जाति इस्राएललाई महिमाको निम्ति ज्योति।" सिमियोनको उक्त आभारसँग पहिलो स्वर्गदूतको सन्देश कसरी मिल्छ? हेर्नुहोस प्रकारश १४:६,७ "अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। ७ तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।"

सिमियोनले गरेको भविष्यवाणीमा येशूले गर्नुहुने सेवाकार्यहरूमा दुइवटालाई औंल्याएका छन्। पहिलोमा, येशूकै खातिर इस्राएलमा धेरै मानिसहरूको उदय र पतन हुनेछ (लुका २:३४ रूपान्तरित)। हो, सबै यहूदी र गैर-यहूदीको निम्ति येशूले आत्मज्ञानको ज्योति र मुक्ति ल्याउनुभएको थियो तर त्यसलाई ग्रहण गर्नेले बिना मूल्यमा होइन। येशू ख्रीष्टमा मध्यम मार्ग छैन। उहाँलाई कि त स्वीकार गर्नुपर्छ वा इन्कार। उचित जवाफको आधारमा मानिसको मुक्ति भरपर्दछ। हामीहरूको जीवनको सम्पूर्ण पक्षहरूलाई उहाँमा समर्पण गर्न माग गर्नुहुन्छ, आधा मनले होइन। कि हामीले उहाँलाई ग्रहण गर्छौं वा गर्दैनौं। जो उहाँलाई विश्वास गरेर उहाँमा जिइरहन्छ त्यो मानिसको उदय हुन्छ र परमेश्वरको राज्यमा सहभागी हुनेछ। जो मानिस उहाँलाई ग्रहण गर्दैन, उहाँप्रति चासो देखाउँदैन त्यो मानिस जमिनमा

भासिन्दै जान्छ र अन्तमा आशा बिना उसको मृत्यु हुन्छ। ख्रीष्टमा गरिने विश्वासमा मोलतोल हुँदैन।

दोस्रो भविष्यवाणी सिमियोनले मरियमलाई लक्षित गर्दै भनेका थिए "तिम्रो आफ्नै हृदयमा तरवारले घोच्ने छ र त्यसलाई घाइते बनाइनेछ।" (लूका २:३५ रूपान्तरित)। मरियमले येशूलाई क्रुसको मृत्युलाई देख्नुपरेको कुरालाई औँल्याएका थिए भन्ने कुरामा कसैको द्विविधा छैन। मरियम र पछिका सबै पिँढीहरूले यो कुराको यकिन हुनुपर्छ कि क्रुस बिना मुक्ति छैन। सारा मुक्तिको योजनाको केन्द्रविन्दु क्रुस हो।

निःसन्देह, येशूले उपलब्ध गराउनुभएको मुक्ति हामीहरूको निम्ति बरदान हो र त्यो पाउन हामीबाट कुनै पनि मोल तिर्न सक्दैनौं। यद्यपि, त्यो मुक्ति पाउने मानिसको निम्ति त्यो भयङ्कर महँगो हुन सक्छ। येशूलाई पछ्याउँदा तपाईंले के मोल चुकाउनुभयो? फेरि त्यसवखत मुक्तिलाई धर्मकर्म आदि गरेर किन किन्न सक्दैंनौं?

## उपसंहारः

थप जानकारीः “लूकाको सुसमाचारको लेखक लूका जसकै नाउँमा सो सुसमाचार लेखिएको छ एक जना चिकित्सक प्रचारक थिए (मेडिकल मिसिनेरी)। "प्रिय चिकित्सक वा डाक्टर" भनेर उनलाई बाइबलमा सम्बोधन गरिएको छ (कलस्सी ४:१४)। प्रेरित पावलले उनको बिमारीहरूको उपचार गर्ने दक्षताको बारेमा थाहा पाएका थिए र उनलाई परमेश्वरबाट विशेष काम गर्न खटिएका थिए भनेर मानेका थिए। पावललाई लूकाको सहयोग मिलेको थियो र ठाउँ ठाउँमा यात्रा गर्ने क्रममा लूकाले साथ दिएका थिए। केही समयपछि पावलले लूकालाई म्यासाडोनियाको फिलिप्पीमा छोडेका थिए। यहाँ एक उपचारक र सुसमाचार शिक्षकको रूपमा लूकाले धेरै वर्ष बिताएका थिए। यहाँ चिकित्सकको रूपमा काम गरेर धेरै बिरामीहरूको सेवा गरेका थिए र कष्ट पाइरहेकाहरूलाई परमेश्वरको निको पार्ने हात परियोस भनेर प्रार्थना गर्दथे। उनको उपचार गर्ने कामले गर्दा सुसमाचारको प्रचार गर्ने ढोका खोलिएको थियो। एक सफल चिकित्सक भएको हुनाले अविश्वासीहरूको बीचमा ख्रीष्टको सुसमाचार सुनाउने धेरै

अवसर उनलाई मिलेको थियो। येशूका चेलाहरूले जस्तै हामीले पनि काम गरोस् भन्ने हामीहरूप्रति परमेश्वरको योजना छ।"-एलेन जी ह्वाइट, द मिनिस्त्री अभ हिलिङ्ग, पृ. १४०,१४१बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. आफ्नो सुसमाचारको पुस्तक लेख्ने क्रममा लूकाले अघि नै अरूले सुसमाचारको बारेमा लेखेका सामग्रीहरूबाट सारेका थिए। यदि यो सत्य हो भने लूकाको सुसमाचार लेखनमा पवित्र आत्माले लूकालाई अगुवाइ गर्नुभएको थियो भनेर कसरी बुझ्ने (२ तिमोथी ३:१६)? त्यस परिप्रेक्ष्यमा पवित्र आत्माको अगुवाइलाई कसरी बुझ्ने?

आ. कन्याको गर्भबाट परमेश्वरको पुत्रको जन्म भएको घट्नालाई रहस्यमय भनिन्छ, परमेश्वरको अपार शक्तिको र उहाँको सार्वभौमिकताको अधिकारलाई देखाउँछ। यो मानिसको दिमागले बुझ्न भ्याउँदैन। कन्याको गर्भबाट जन्मिएको घट्ना जस्तो क्रियाकलापले परमेश्वरको अपार शक्तिको बारेमा हामीलाई कसरी सिकाउँदछ? जतिसुकै मैहुँ भनेर दावी गर्ने वैज्ञानिक तथा बुद्धिजीविहरू किन नहोस् तिनीहरूको सोचाइ केवल प्राकृतिक नियमभित्रमात्र रहेर सोच्दछन्। तिनीहरूले मात्र कुमारी नारीबाट भएको जन्मलाई अबमूल्यन गर्दछन्। तर आत्मिक ज्ञानमा तल्लिन हुनेहरूको निम्ति कुनै पनि आश्चर्य, अप्राकृतिक वा अलौकिक कामलाई छक्क परेर हेर्दैनन्। “परमेश्वरको सामु कुनै पनि असम्भव छैन" भन्ने स्वर्गदूतको अचम्मको सन्देश मरियमलाई सुनाएको कुरोको बारेमा सोच्नुहोस् (लूका १:३७)।

इ. एक जना अमेरिकन टेलीभिजनको पत्रकारले भनेका थिए कि यदि उनले अन्तर्वार्ता लिन अवसर पाए येशूसँग लिने थिए रे! यदि यो हुनसक्छ भने येशूलाई उनको मूल प्रश्न त यो नै हुनेछ “के तपाईं कुमारीकै कोखबाट जन्मनुभएको हो त?" त्यो साथै अरू प्रश्न र जवाफहरू हामीहरूको निम्ति किन अत्यन्त महत्त्वपूर्ण छन्?